विधेयक संख्याः १५

# सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

संघीय संसद सचिवालय
सिंहदरबार, काठमाडौं

## उद्देश्य र कारण

नेपालको संविधानद्वारा प्रदत्त महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी हकको सम्मान, संरक्षण र परिपूर्ति गर्न मातृत्व तथा प्रजनन स्वास्थ्यको सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउन सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसद समक्ष पेश गरेको छु ।

उपेन्द्र यादव
उप प्रधानमन्त्री
एवं
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री

## आर्थिक टिप्पणी

मातृत्व तथा प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ पहुँचयोग्य बनाउने प्रयोजनका साथ नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले प्रस्तुत सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकारको सम्मान, संरक्षण एवं परिपूर्ति गर्ने लगायतका कार्यमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले आर्थिक श्रोत उपलव्ध गराउनु पर्ने भएकोले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई थप आर्थिक दायित्व पर्ने देखिन्छ ।

उपेन्द्र यादव
उप प्रधानमन्त्री
एवं
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री

संघीय संसद सचिवालय

## सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा रहको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| क्र.स | दफा र उपदफा | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको कारण, प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थाबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | दफा ७ को उपदफा (५) | आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाले तोकिएको अवस्थाका गर्भवती महिलाहरूका लागि तोकिए बमोजिमको आश्रयस्थलको व्यवस्था गर्नु पर्नेछ । | गर्भवती महिलाहरुको लागि आश्रयस्थल तोक्ने सम्बन्धी व्यवस्था गर्न तथा गर्भवती महिलाहरुका लागि त्यस्तो सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाहरु नियमावलीमा राखिने । | गर्भवती महिलाहरुलाई आश्रयस्थल तथा गर्भवती महिलाहरुका लागि त्यस्तो सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाहरु सम्बन्धमा स्पष्टता हुने । |
| २ | दफा १० को उपदफा (२) र (३) | परिवार नियोजन सम्बन्धी तोकिए बमोजिमको सेवा तोकिए बमोजिमको स्वास्थ्य संस्थाबाट लिनुपर्नेछ । परिवार नियोजन सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | परिवार नियोजन सम्बन्धी उपलव्ध हुने सेवा तथा त्यस्तो सेवा उपलव्ध गराउने स्वास्थ्य संस्थाहरु नियमावलीमा व्यवस्थित गर्न तथा परिवार नियोजन सम्बन्धी सेवा सञ्चालन गर्न आवश्यक पर्ने बिषयहरु समेत नियमावलीमा राखिने । | आम नागरिकले परिवार नियोजन सेवा प्राप्त गर्ने र परिवार नियोजन सम्बन्धमा भएका व्यवस्थाहरु स्पष्ट हुने । |
| ३ | दफा १८ को उपदफा (२) र (३) | उपदफा (१) बमोजिम उपलव्ध गराउने सेवाको उपयुक्त प्रविधि र प्रक्रिया तोकिए बमोजिम हुनेछ। सुरक्षित गर्भपतनको सेवा प्राप्त गर्न चाहने गर्भवती महिलाले इजाजत प्राप्त स्वास्थ्य संस्था वा इजाजत प्राप्त स्वास्थ्यकर्मीलाई तोकिए बमोजिमको ढाँचामा मञ्जुरीनामा दिनु पर्नेछ । | सुरक्षित गर्भपतन सेवा उपलव्ध गराउने सन्दर्भमा त्यसरी उपलव्ध गराइने सेवाको प्रक्रिया यकिन गर्नुपर्ने भएकोले नियमावलीबाट व्यवस्था गरिने तथा सुरक्षित गर्भपतन सेवा प्राप्त गर्न चाहने गर्भवती महिलाले त्यस्तो सेवा प्राप्त गर्न चाहेको स्वीकृतिको मञ्जुरीनामाको ढांचा नियमावलीमा तोकिने । | सुरक्षित गर्भपत सेवा उपलव्ध गराउंदा अवलम्बन गरिने प्रक्रिया निर्धारण हुने तथा सुरक्षित गर्भपतन सेवा लिन चाहने महिलाले स्वीकृति दिनु पर्ने मञ्जुरीनामाको ढांचा स्पष्ट हुने । |
| ४ | दफा २६ | यो ऐन अन्तर्गतको कसूरबाट पीडित व्यक्तिलाई कसूरदारबाट तोकिए बमोजिम मनासिब माफिकको क्षतिपूर्ति भराई दिनु पर्नेछ । | कसुरबाट पीडित हुने व्यक्तिलाई कसुरदारबाट भराई दिनुपर्ने क्षतिपूर्तिको रकम सम्बन्धमा नियमावलीमा व्यवस्था गरिने । | कसुरबाट पीडित हुने व्यक्तिलाई क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धी व्यवस्था कार्यान्वयन हुने । |

| | | | | |
|---|---|---|---|---|
| ५ | दफा ३० को उपदफा (२) र (३) | निजी, गैरसरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाले प्रजनन स्वास्थ्य सेवा प्रदान गरे वापत तोकिए बमोजिमको सेवा शुल्क लिन सक्नेछन् । निजी, गैरसरकारी तथा सामुदायिक स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले सेवा शुल्क सर्वसुलभ बनाउनु पर्नेछ र सेवा शुल्क तिर्न असमर्थ व्यक्तिको लागि तोकिए बमोजिमको निःशुल्क सेवा (कोटा) उपलब्ध गराउनु पर्नेछ । | निजी, गैरसरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाले प्रजनन स्वास्थ्य सेवा उपलव्ध गराए बापत लिने सेवा शुल्क नियमावलीमा राखिने तथा निजी, गैरसरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाले तथा स्वास्थ्यकर्मीले असमर्थ व्यक्तिलाई उपलव्ध गराउने निशुल्क सेवा सम्बन्धमा स्पष्ट व्यवस्था गर्न नियमावलीमा कोटा निर्धारण सम्बन्धी व्यवस्था राखिने । | निजी, गैर सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाले प्रजनन स्वास्थ्य सेवा उपलव्ध गराए बापत लिने सेवा शुल्क निर्धारण हुन गई त्यस्तो सेवा शुल्कमा एकरुपता कायम हुन जाने र असमर्थ व्यक्तिले निजी, गैरसरकारी, सामुदायिक तथा स्वास्थ्यकर्मीबाट निशुल्क सेवा प्राप्त हुने । |
| ६ | दफा ३६ | यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ । | यो ऐन कार्यान्वयन गर्न आवश्यक देखिएका तथा ऐनमा प्रत्यायोजन गरिएका बिषयमा नेपाल सरकारले नियमावली बनाई लागू गर्ने । | ऐनले प्रत्यायोजन गरेका बिषयमा नियमावलीमा बन्न गई ऐन कार्यान्वयन हुने । |
| ७ | दफा ३७ | मन्त्रालयले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ । | यो ऐन तथा यस ऐन अन्तरगत बनेको नियम अनुरूप मन्त्रालयले निर्देशिका बनाई लागू गर्न सक्ने । | यो ऐन तथा यस ऐन अन्तरगत बनेको नियम बमोजिम आवश्यक बिषयमा निर्देशिका तर्जुमा भई ऐनको व्यवस्था कार्यान्वयनमा सहजता आउने। |

उपेन्द्र यादव

उप प्रधानमन्त्री

एवं

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री

संघीय संसद सचिवालय

# सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको ब्याख्यात्मक टिप्पणी

| सि.नं. | दफा | विधयेकको दफा शिर्षक | ब्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| १ | १ | संक्षिप्त नाम र प्रारम्भ | विधयेकको नाम र सोको प्रारम्भ हुने सम्बन्धी व्यवस्था गरिएको । |
| २ | २ | परिभाषा | विधयेकमा रहेका शब्दहरूको परिभाषा गरिएको । |
| ३ | ३ | प्रजनन स्वास्थ्य अधिकार | प्रत्येक महिला तथा किशोर किशोरीलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी शिक्षा, सूचना, परामर्श तथा सेवा प्राप्त गर्ने अधिकार, आकस्मिक प्रसूति सेवा, आधारभूत आकस्मिक प्रसूति सेवा, बृहत आकस्मिक प्रसूति सेवा, नवजात शिशुको लागि अत्यावश्यकीय सेवा र नवजात शिशुको आकस्मिक सेवा पाउने अधिकार, प्रत्येक व्यक्तिलाई आफ्नो जीवनचक्रको विभिन्न अवस्थामा आवश्यक पर्ने प्रजनन स्वास्थ्य सेवा सर्वसुलभ, स्वीकार्य र सुरक्षित रूपले पाउने अधिकार एवं प्रजनन स्वास्थ्य सेवा छनौट गर्ने अधिकार लगायतका अधिकार उल्लेख गरिएको । |
| ४ | ४ | गोप्य रहने | प्रजनन स्वास्थ्य सेवा सम्बन्धी सूचना गोप्य रहने व्यवस्था उल्लेख गरिएको । |
| ५ | ५ | गर्भवती सेवा प्राप्त गर्ने अधिकार | प्रत्येक महिलालाई स्वास्थ्य संस्थामा गई आफू गर्भवती भए वा नभएको जाँच वा परीक्षण गर्न पाउने अधिकार, सामान्य गर्भावस्थामा कम्तीमा चार पटक स्वास्थ्य जाँच गर्ने, स्वास्थ्य स्याहार सम्बन्धी समुचित परामर्श प्राप्त गर्ने तथा गर्भावस्थामा अवलम्बन गर्नुपर्ने सुरक्षाका उपाय पाउने अधिकार समेत उल्लेख गरिएको । |
| ६ | ६ | प्रसूति सेवा प्रदान गर्नुपर्ने | सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाले दक्ष स्वास्थ्यकर्मी वाट प्रसूति सेवा प्रदान गर्ने व्यवस्था गरिएको । |
| ७ | ७ | आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा | सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाले आकस्मिक प्रसूति सेवा तथा नवजात शिशु सेवा, आफूले सेवा प्रदान गर्दा आइपर्ने जटिलताको व्यवस्थापन गर्न नसकेमा सम्भव भएसम्म सरकारी वा सामुदायिक स्वास्थ्य संस्थामा र सम्भव नभएमा गैरसरकारी तथा निजी स्वास्थ्य संस्थामा प्रेषण (रेफर) तथा आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाले तोकिएको अवस्थाका गर्भवती महिलाहरूका लागि तोकिए बमोजिमको |

| | | | |
|---|---|---|---|
| | | | आश्रयस्थलको व्यवस्था समेत उल्लेख गरिएको। |
| ८ | ८ | नवजात शिशुको स्वास्थ्य स्याहार | प्रसूति सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाले नवजात शिशुको स्वास्थ्य स्याहार पाउने व्यवस्था गरिएको । |
| ९ | ९ | शिशुको जन्मको अभिलेख राख्नुपर्ने | प्रत्येक स्वास्थ्य संस्थाले जन्मेको शिशु, मृतक शिशु,गर्भपतन भएका महिला, गर्भवती महिलाको मृत्युको अभिलेख राखी शिशु जन्मेको प्रमाणपत्र आमालाई दिने उल्लेख गरिएको । |
| १० | १० | परिवार नियोजन सेवा प्राप्त गर्ने अधिकार | प्रत्येक व्यक्तिलाई परिवार नियोजन सम्बन्धी सूचना, छनौट तथा परिवार नियोजन सम्बन्धी अन्य सेवा प्राप्त गर्ने अधिकारको व्यवस्था गरिएको । |
| ११ | ११ | बलपूर्वक परिवार नियोजन गराउन नहुने | करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी वा लिखित मञ्जुरी नलिई बलपूर्वक परिवार नियोजन गराउन नहुने व्यवस्था गरिएको । |
| १२ | १२ | बलपूर्वक गर्भ निरोधका साधन प्रयोग गराउन नहुने | करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी वा मञ्जुरी नलिई बलपूर्वक गर्भ निरोधका साधन प्रयोग गराउन नहुने व्यवस्था गरिएको । |
| १३ | १३ | प्रसूति बिदाको अधिकार | सरकारी, गैर सरकारी वा निजी संघ संस्थामा कार्यरत महिला सुत्केरी हुँदा कम्तीमा अन्ठानव्वे दिनसम्मको तलब एवं थप एक महिना तलब सहितको प्रसूति विदा एवं उक्त निकायमा कार्यरत पुरुष कर्मचारीको पत्नी सुत्केरी भएमा पारिश्रमिक सहितको पन्ध्र दिन प्रसूति स्याहार विदा पाउने व्यवस्था उल्लेख गरिएको । |
| १४ | १४ | अतिरिक्त बिदा दिनुपर्ने | सरकारी, गैर सरकारी वा निजी संघ संस्थामा कार्यरत महिलालाई विशेषज्ञ चिकित्सकको राय बमोजिम प्रजनन स्वास्थ्य रुग्णता का कारणले जटिल शल्यक्रिया गर्न परेमा (मर्विडिटी) त्यस्तो शल्यक्रिया हुनु अघि वा पछि तीस दिनसम्म तलब सहितको विदा दिने व्यवस्था गरिएको। |
| १५ | १५ | सुरक्षित गर्भपतन गर्न पाउने | गर्भवती महिलाको मञ्जुरीले बाह्र हप्तासम्मको गर्भ, गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराव हुनसक्छ वा विकलाङ्ग बच्चा जन्मन सक्छ भनी इजाजत प्राप्त चिकित्सकको राय लिएर त्यस्ती महिलाको मञ्जुरीबमोजिम जुनसुकै अवधिको गर्भ, जर्वजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ गर्भवती महिलाको मञ्जुरीले अठारहप्तासम्म, रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जीवाणु (एच.आई.भि) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेको महिलाको मञ्जुरीमा जुनसुकै अवधिको गर्भ, भ्रुणमा, कमी-कमजोरी भएको कारणले गर्भ मै नष्ट हुन सक्ने वा जन्मेर |

| | | | |
|---|---|---|---|
| | | | पनि बाच्न नसक्ने गरी गर्भको भ्रुणमा खरावी रहेको, बंशाणुगत (जेनेटिक) खरावी वा अन्य कुनै कारणले भुरणमा असक्तता हुने अवस्था रहेको भन्ने उपचारमा संलग्न स्वास्थ्यकर्मीको राय बमोजिम गर्भवती महिलाको मञ्जुरीमा जुनसुकै अवधिको गर्भ गर्भपतन गराउन पाउने अधिकारको व्यवस्थालाई स्पष्ट गरिएको । |
| १६ | १६ | बलपूर्वक गर्भपतन गराउन नहुने | गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानी जानी वा विश्वास गर्नुपर्ने कुनै काम गरी गर्भपतन गराउन, गर्भवती महिलालाई करकाप गरी, धम्की दिई, ललाई फकाई गरी वा प्रलोभनमा पारी गर्भपतन गराउन नहुने । साथै कुनै रीसइवीले गर्भवती महिलालाई केही गर्दा गर्भ तुहिएमा, महिलालाई करकाप गरी, धम्की दिई, ललाई फकाई गरी वा प्रलोभनमा पारी गर्भपतन गराएमा तथा त्यस्ता कार्य गर्न सहयोग पुऱ्याएमा बलपूर्वक गर्भपतन गराएको मानिने तथा गर्भपतन गर्ने काम गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मी त्यस्तो कामको परिणाम स्वरूप जन्मिएको बच्चा तत्काल मरेमा गर्भपतन गराएको मानिने व्यवस्था उल्लेख गरिएको। |
| १७ | १७ | लिङ्ग पहिचान गरी गर्भपतन गर्न नहुने | गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान हुने कुनै कार्य गर्न वा गराउन नहुने, गर्भवती महिलालाई गर्भको लिङ्ग पहिचान गर्न डर वा त्रास देखाई वा करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी वा अनुचित प्रभाव, झुक्यानमा पारी, जोर जुलुम गरी दबाब दिन वा बाध्य पारी लिङ्ग पहिचान गरी गर्भपतन गर्न गराउन नपाइने स्पष्ट व्यवस्था उल्लेख गरिएको। |
| १८ | १८ | सुरक्षित गर्भपतन सेवा | तोकिएको मापदण्ड र योग्यता पूरा गरेका इजाजत प्राप्त स्वास्थ्य संस्थामा इजाजत प्राप्त स्वास्थ्यकर्मीले गर्भवती महिलालाई सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउनु पर्ने, सुरक्षित गर्भपतनको सेवा प्राप्त गर्न चाहने गर्भवती महिलाले तोकिए बमोजिमको ढाँचामा मञ्जुरीनामा दिनु पर्ने, होस ठेगान नभएको, तत्काल मञ्जुरी दिन नसक्ने अवस्था भएको वा अठार वर्ष उमेर पूरा नगरेको गर्भवती महिलाको हकमा निजको संरक्षक वा माथवरले मञ्जुरीनामा दिन सक्ने तथा अठार वर्षभन्दा कम उमेरकी गर्भवती महिलाको हकमा निजको सर्वोत्तम हितलाई ध्यानमा राखी सुरक्षित गर्भपतन सेवा प्रदान गर्नुपर्ने स्पष्ट व्यवस्था उल्लेख गरिएको। |
| १९ | १९ | गोपनियता कायम राख्नुपर्ने | इजाजत प्राप्त स्वास्थ्य संस्था वा इजाजत प्राप्त स्वास्थ्यकर्मीले गर्भवती महिलाको प्रजनन स्वास्थ्यसँग सम्बन्धित सूचना, कागजात तथा निजलाई प्रदान गरिएको परामर्श र सेवा सम्बन्धी सबै अभिलेख गोप्य राख्नुपर्ने, तर कुनै मुद्दा मामिलाको अनुसन्धान तथा |

संघीय संसद सचिवालय

| | | | |
|---|---|---|---|
| | | | सुनुवाईको सिलसिलामा अनुसन्धान अधिकारी वा अदालतबाट जानकारी माग भएमा, सुरक्षित गर्भपतन सेवा सम्बन्धी अध्ययन अनुसन्धान वा अनुगमनको उद्देश्यले सम्बद्ध महिलाको परिचय नखुल्ने गरी उद्धरण गर्न तथा सम्बन्धित महिला स्वयंले यस सम्बन्धी अभिलेख माग गरेका बखत त्यस्ता सूचना, कागजात तथा परामर्श सेवा सम्बन्धी अभिलेख उपलब्ध गराउन सकिने व्यवस्था गरिएको। |
| २० | २० | प्रजनन स्वास्थ्य रुग्णता सेवा प्राप्त गर्ने अधिकार | प्रत्येक महिलालाई स्वास्थ्य संस्थाबाट प्रजनन स्वास्थ्य रुग्णता सम्बन्धी परीक्षण गराउने, परामर्श लिने तथा उपचार प्राप्त गर्ने अधिकार हुने तथा रुग्णताको अवस्था तथा शल्यक्रिया पछिको अवस्थामा पालना गर्नुपर्ने स्याहार सम्बन्धी कुरा र त्यसबाट उत्पन्न हुन सक्ने जोखिम सम्बन्धी उपायको जानकारी बुझ्ने गरी दिनु सम्बन्धित स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ भन्ने उल्लेख गरिएको । |
| २१ | २१ | विस्थापन गर्न नहुने | प्रजनन स्वास्थ्य रुग्णताको कारण देखाई कसैलाई पनि सम्बन्ध विच्छेद गर्न वा घरबाट निकाला गर्न वा विस्थापन गर्न वा गराउन नहुने व्यवस्था गरिएको। |
| २२ | २२ | अनुदान रकम विनियोजन गर्नुपर्ने | नेपाल सरकार तथा प्रदेश सरकारले मातृत्व तथा प्रजनन स्वास्थ्य सेवालाइ प्रभावकारी कार्यान्वयन गर्ने प्रयोजनको लागि आफ्नो बार्षिक बजेटको निश्चित बजेट प्रत्येक स्थानीय तहलाई अनुदानको रुपमा विनियोजन गर्नुपर्ने व्यवस्था गरिएको । |
| २३ | २३ | स्थानीय तहले बजेट विनियोजन गर्ने | स्थानीय तहले वार्षिक बजेटमा मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा प्रदान गर्दा सरकारी वा सामुदायिक स्वास्थ्य संस्थाले प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्ने व्यवस्था गरिएको । |
| २४ | २४ | कसूर गरेको मानिने | गर्भवती सेवा लिनबाट बञ्चित गरेमा, प्रसूति सेवा प्रदान गर्ने कुनै स्वास्थ्य संस्थाले प्रसूति सेवा प्रदान गर्न इन्कार गरेमा, आफ्नो स्वास्थ्य संस्थामा उपचार गर्न सम्भव हुँदा हुँदै वा जानाजान अर्को स्वास्थ्य संस्थामा प्रेषण (रिफर) गरे गराएमा, स्वास्थ्य संस्थाले जन्म प्रमाणपत्र नदिएमा, बलपूर्वक परिवार नियोजन गराएमा, बलपूर्वक गर्भनिरोधको साधन प्रयोग गराएमा, गर्भपतन गराएमा भ्रुणको लिङ्ग पहिचान हुने कुनै काम गरेमा, लिङ्ग पहिचान गरी गर्भपतन गराएमा, गोपनियता भङ्ग गरे वा गराएमा, लगायतका व्यवस्था यस ऐनबमोजिमको कसूर गरेको मानिने व्यवस्था गरिएको । |
| २५ | २५ | सजाय | यस ऐनबमोजिम गर्भवती सेवा लिनबाट बञ्चित गरेमा, प्रसूति सेवा प्रदान गर्ने कुनै स्वास्थ्य संस्थाले प्रसूति सेवा प्रदान गर्न इन्कार |

| | | | |
|---|---|---|---|
| | | | गरेमा, आफ्नो स्वास्थ्य संस्थामा उपचार गर्न सम्भव हुँदाहुँदै वा जानाजान अर्को स्वास्थ्य संस्थामा प्रेषण (रिफर) गरे वा गराएमा, स्वास्थ्य संस्थाले जन्म प्रमाण पत्र नदिएमा, भेदभाव गरेमा त्यस्तो कसुर गर्ने वा गराउनेलाई छ महिनासम्म कैद वा पचासहजार रुपैयासम्म जरिवाना वा दुबै सजाय हुने, बलपूर्वक परिवार नियोजन गराएमा, बलपूर्वक गर्भनिरोधकको साधन प्रयोग गराएमा त्यस्तो कसुर गर्ने गराउनेलाई तीन महिनादेखि छ महिनासम्म कैद र पचास हजार रुपैयासम्म जरिवाना हुने, गर्भपतन गराएमा भुरणको लिङ्ग पहिचान हुने कुनै काम गरेमा, लिङ्ग पहिचान गरी गर्भपतन गराएमा त्यस्तो कसूर गर्ने वा गराउनेलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १८८ बमोजिमको सजाँय हुने, गोपनियता भङ्ग गरे वा गराएमा त्यस्तो कसूर गर्ने वा गराउनेलाई पचासहजार रुपैयासम्म जरिवाना हुने र सम्बन्ध विच्छेद गर्न वा घरबाट निकाला गर्न वा विस्थापन गरे वा गराएमा त्यस्तो कसुर गर्ने वा गराउनेलाई एकवर्ष सम्म कैद वा एकलाख रुपैयासम्म जरिवाना वा दुबै सजाँयको व्यवस्था गरिएको । |
| २६ | २६ | क्षतिपूर्तिको व्यवस्था | यो ऐन अन्तर्गतको कसूरबाट पीडित व्यक्तिलाई कसूरदारबाट तोकिए बमोजिम मनासिब माफिकको क्षतिपूर्ति भराई दिनु पर्ने व्यवस्था गरिएको । |
| २७ | २७ | अपाङ्गतामैत्री सेवा प्रदान गर्नुपर्ने | यस ऐन अन्तरगतका परिवार नियोजन, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, सुरक्षित गर्भपत, आकस्मिक प्रसूति तथा नवजात शिशु, प्रजनन स्वास्थ्य रुग्णता लगायतका सेवा प्रदान गर्दा किशोरी तथा अपाङ्गता मैत्री हुनुपर्ने व्यवस्था गरिएको । |
| २८ | २८ | भेदभाव गर्न नपाइने | कसैलाई निजको उत्पत्ति, धर्म, बर्ण, जात जाति, कसैलाई निजको उत्पत्ति, धर्म, बर्ण, जात जाति, लिङ्ग, पेशा, यौनिक तथा लैङ्गिक पहिचान, शारिरीक वा स्वास्थ्य अवस्था, अपाङ्गता, बैबाहिक स्थिति, गर्भावस्था, बैचारिक आस्था, कुनै रोग वा जिवाणुबाट संक्रमित भएका वा हुने जोखिममा रहको अवस्था, प्रजनन स्वास्थ्यको रुग्णताको अवस्था (मर्विडिटि), व्यक्तिगत सम्बन्ध वा यस्तै अन्य कुनै आधारमा परिवार नियोजन, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक प्रसूति तथा नवजात शिशु, प्रजनन स्वास्थ्य रुग्णता लयायतका सेवा प्राप्त गर्ने अधिकार माथि कुनै किसिमले भेदभाव गर्न नपाइने व्यवस्थगा गरिएको । |
| २९ | २९ | निर्देशन दिन सक्ने | मन्त्रालयले प्रजनन स्वास्थ्यको सेवा उपलब्ध गराउन स्वास्थ्य संस्थालाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित स्वास्थ्य संस्थाको कर्तव्य हुने भन्ने व्यवस्था |

संघीय संसद पुस्तकालय

| | | | |
|---|---|---|---|
| | | | गरिएको । |
| ३० | ३० | सेवा शुल्क | सरकारी वा सरकारी अनुदान प्राप्त स्वास्थ्य संस्थाले प्रजनन स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउनु पर्ने, निजी, गैरसरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाले प्रजनन स्वास्थ्य सेवा प्रदान गरे वापत तोकिए बमोजिमको सेवा शुल्क लिन सक्ने, निजी, गैरसरकारी तथा सामुदायिक स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले सेवा शुल्क सर्वसुलभ बनाउनु पर्ने र सेवा शुल्क तिर्न असमर्थ व्यक्तिको लागि तोकिए बमोजिमको निःशुल्क सेवा (कोटा) उपलव्ध गराउनुपर्ने व्यवस्था गरिएको । |
| ३१ | ३१ | असल नियतले गरेकोमा बचाउ | असल नियतले प्रजनन स्वास्थ्य सेवा उपलब्ध गराएको विषयलाई लिएर कुनै पनि स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी विरुद्ध कुनै किसिमको कानूनी कारवाही चलाउन नपाइने व्यवस्था गरिएको । |
| ३२ | ३२ | मुद्दा हेर्ने अधिकारी | यस ऐन बमोजिमको कसूरको मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्लाको जिल्ला अदालतलाई हुने र सो अदालतले गरेको सजाय वा आदेश उपर चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्ने व्यवस्था गरिएको । |
| ३३ | ३३ | नेपाल सरकार बादी हुने | यस ऐन बमोजिमको मुद्दामा नेपाल सरकार बादी हुने भएको मुद्दा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिने व्यवस्था गरिएको । |
| ३४ | ३४ | हदम्याद | यस ऐन बमोजिमको कसूर भएको कुरा थाहा पाएको मितिले छ महिना नाघेपछि उजूर नलाग्ने व्यवस्था गरिएको । |
| ३५ | ३५ | प्रचलित कानून बमोजिम हुने | यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र यस ऐनमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुने भन्ने व्यवस्था गरिएको । |
| ३६ | ३६ | नियम बनाउने अधिकार | नियम बनाउने अधिकार नेपाल सरकारमा निहित राखिएको । |
| ३७ | ३७ | निर्देशिका जारी गर्न सक्ने | मन्त्रालयले निर्देशिका बनाई लागू गर्न सक्ने व्यवस्था गरिएको । |

उपेन्द्र यादव

उप प्रधानमन्त्री

एवं

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री

संघीय संसद सचिवालय

<u>सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना</u> : नेपालको संविधानद्वारा प्रदत्त महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी हकको सम्मान, संरक्षण र परिपूर्ति गर्नको लागि मातृत्व तथा प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

परिच्छेद–१

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "आकस्मिक प्रसूति सेवा (इमर्जेन्सी अव्स्टेट्रिक् केयर)" भन्नाले गर्भावस्था, प्रसूति अवस्था वा सुत्केरी अवस्थामा कुनै जटिलता देखा परेमा त्यस्ता जटिलता व्यवस्थापन गर्न चौबीसै घण्टा उपलब्ध हुने सेवा सम्झनु पर्छ ।

(ख) "आधारभूत आकस्मिक प्रसूति सेवा (वेसिक इमर्जेन्सी अव्स्टेट्रिक केयर)" भन्नाले एन्टिवायोटिक, म्याग्नेसियम सल्फेट वा अक्सिटोसिन दिने, अड्केको साल निकाल्ने, औजार (भ्याकुम) समेतको मद्दतले शिशु जन्माउने र गर्भपतन भएकोमा पाठेघर सफा गर्ने जस्ता आधारभूत सेवा सम्झनु पर्छ ।

(ग) "किशोर किशोरी" भन्नाले दश वर्षदेखि उन्नाइस वर्षको उमेर समूहको व्यक्ति सम्झनु पर्छ ।

(घ) "गर्भपतन" भन्नाले गर्भमा रहेको भ्रूण स्वभाविक रुपमा जन्मन सक्ने हुनुभन्दा अगावै गर्भाशयबाट भ्रूण बाहिर निस्कने वा निकाल्ने कार्य सम्झनु पर्छ ।

(ङ) "गर्भनिरोध (कन्ट्रासेप्सन)" भन्नाले डिम्ब निष्काशन, शुक्रकिट र डिम्ब निसेचन वा डिम्बरोपणका सामान्य प्रक्रियामा अवरोध उत्पन्न गरी गर्भ रहन नदिने उपाय सम्झनु पर्छ ।

(च) "गर्भनिरोधका साधन" भन्नाले गर्भनिरोध गर्ने कार्यमा सहयोग गर्ने हर्मोनयुक्त वा अन्य साधन सम्झनु पर्छ ।

संघीय संसद सचिवालय

(छ) "गर्भपतन सेवा" भन्नाले गर्भपतन गर्नका लागि इजाजतपत्र प्राप्त स्वास्थ्य संस्थामा इजाजतपत्र प्राप्त स्वास्थ्यकर्मीले यस ऐन बमोजिमको प्रक्रिया पूरा गरी गरिने गर्भपतन सेवा सम्झनु पर्छ ।

(ज) "गर्भवती सेवा" भन्नाले दफा ५ बमोजिमको सेवा सम्झनु पर्छ ।

(झ) "गर्भावस्था" भन्नाले गर्भधारण हुनु अघिको अन्तिम पटक महिनावारी भएको पहिलो दिनदेखि महिलाको पाठेघरभित्र गर्भ रहेसम्मको अवधि सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ट) "नवजात शिशुको अत्यावश्यकीय सेवा (न्यूबर्न इसेन्सियल केयर)" भन्नाले नवजात शिशुलाई न्यानो गरी सफा राख्ने, नाभी र आँखाको स्याहार गर्ने, आमाको दुध खुवाउने, आवश्यक खोप दिने समेतका सेवा सम्झनु पर्छ ।

(ठ) "नवजात शिशुको आकस्मिक सेवा (न्यूबर्न इमर्जेन्सी केयर)" भन्नाले नवजात शिशुलाई सङ्क्रमण भएको अवस्थामा एन्टिवायोटिक दिने, हाइपोथरमीया लगायतको व्यवस्थापन गर्ने तथा त्यस्ता शिशुको श्वास प्रश्वास सम्बन्धी समस्या व्यवस्थापन सम्बन्धी सेवा सम्झनु पर्छ ।

(ड) "परिवार नियोजन" भन्नाले कुनै गर्भनिरोधको साधन प्रयोग गरी वा नगरी आफूले चाहे अनुसारको सन्तानको सङ्ख्या वा गर्भान्तर निर्धारण गर्ने योजना सम्झनु पर्छ ।

(ढ) "प्रजनन स्वास्थ्य" भन्नाले प्रजनन पद्धति, प्रक्रिया र कार्यसँग सम्बन्धित शारीरिक, मानसिक तथा सामाजिक स्वास्थ्यको स्थिति सम्झनु पर्छ ।

(ण) "प्रजनन स्वास्थ्य अधिकार" भन्नाले दफा ३ बमोजिमको अधिकार सम्झनु पर्छ।

(त) "प्रजनन स्वास्थ्य रुग्णता (मर्बिडिटि)" भन्नाले प्रजनन, गर्भावस्था, गर्भपतन, प्रसव र यौन व्यवहारको कारणले प्रजनन प्रणालीमा प्रतिकूल प्रभाव पार्ने अवस्था सम्झनु पर्छ र सो शब्दले आङ्ग खस्ने, प्रसव छिद्र, बाँझोपन, पाठेघरको मुखको क्यान्सर र प्रजनन प्रणालीलाई प्रभाव पार्ने यस्तै प्रकारका अन्य अवस्था समेतलाई जनाउँछ ।

(थ) "प्रसूतिकर्मी" भन्नाले गर्भवती महिलाको प्रसूति गराउने कार्य गर्ने तालिम प्राप्त स्वास्थ्यकर्मी सम्झनु पर्छ ।

(द) "मन्त्रालय" भन्नाले स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ ।

संघीय संसद सचिवालय

(ध) “बृहत आकस्मिक प्रसूति सेवा (कम्प्रिहेन्सिव इमर्जेन्सी अब्स्टेट्रिक केयर)” भन्नाले खण्ड (ख) मा उल्लिखित आधारभूत आकस्मिक प्रसूति सेवाको अतिरिक्त रक्त सञ्चार र शल्य चिकित्सा सेवा समेत सम्झनु पर्छ ।

(न) “सुरक्षित मातृत्व” भन्नाले महिलालाई गर्भवती, प्रसव र सुत्केरी अवस्थामा यस ऐन बमोजिम उपलब्ध गराइने मातृत्व सेवा सम्झनु पर्छ ।

(प) “स्वास्थ्य संस्था” भन्नाले सरकारी, गैर सरकारी, सामुदायिक वा निजी स्तरबाट सञ्चालित अस्पताल, नर्सिङ होम, मेडिकल कलेज वा स्वास्थ्य प्रतिष्ठान सम्झनु पर्छ र सो शब्दले प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी वा अन्य कुनै नामबाट सञ्चालित स्वास्थ्य संस्थालाई समेत जनाउँछ ।

## परिच्छेद–२

## प्रजनन स्वास्थ्य अधिकार

३. प्रजनन स्वास्थ्य अधिकार : (१) प्रत्येक महिला तथा किशोर किशोरीलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी शिक्षा, सूचना, परामर्श तथा सेवा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) प्रत्येक व्यक्तिलाई विवाहपूर्व तथा विवाह पश्चात् प्रजनन स्वास्थ्य सम्बन्धी परामर्श तथा सूचना प्राप्त गर्ने अधिकार हुनेछ ।

(३) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ । प्रत्येक महिलालाई गर्भान्तर वा सन्तानको सङ्ख्या निर्धारण गर्ने अधिकार हुनेछ ।

(४) प्रत्येक व्यक्तिलाई गर्भ निरोधका साधनको सम्बन्धमा जानकारी पाउने र सोको प्रयोग गर्ने अधिकार हुनेछ ।

(५) प्रत्येक महिलालाई यस ऐन बमोजिम गर्भपतन सेवा प्राप्त गर्ने अधिकार हुनेछ ।

(६) प्रत्येक महिलालाई गर्भवती तथा सुत्केरी र प्रजनन स्वास्थ्य रुग्णताको अवस्थामा पोषणयुक्त, सन्तुलित आहार तथा शारीरिक आराम पाउने अधिकार हुनेछ ।

(७) प्रत्येक महिलालाई प्रसूतिकर्मीबाट आवश्यक परामर्श, गर्भवती तथा प्रसूति सेवा, सुत्केरी पश्चात्को गर्भ निरोधको सेवा पाउने अधिकार हुनेछ ।

(८) प्रत्येक महिलालाई आकस्मिक प्रसूति सेवा, आधारभूत आकस्मिक प्रसूति सेवा, बृहत आकस्मिक प्रसूति सेवा, नवजात शिशुको लागि अत्यावश्यकीय सेवा र नवजात शिशुको आकस्मिक सेवा पाउने अधिकार हुनेछ ।

(९) प्रत्येक व्यक्तिलाई आफ्नो जीवनचक्रको विभिन्न अवस्थामा आवश्यक पर्ने प्रजनन स्वास्थ्य सेवा सर्वसुलभ, स्वीकार्य र सुरक्षित रूपले पाउने अधिकार हुनेछ ।

(१०) प्रत्येक व्यक्तिलाई प्रजनन स्वास्थ्य सेवा छनौट गर्ने अधिकार हुनेछ ।

संघीय संसद सचिवालय

४. <u>गोप्य रहने</u> : प्रत्येक व्यक्तिले प्राप्त गरेको प्रजनन स्वास्थ्य सेवा र सो सम्बन्धी सूचना गोप्य रहनेछ ।

## परिच्छेद–३

## <u>सुरक्षित मातृत्व तथा नवजात शिशु</u>

५. <u>गर्भवती सेवा प्राप्त गर्ने अधिकार</u> : (१) प्रत्येक महिलालाई स्वास्थ्य संस्थामा गई आफू गर्भवती भए वा नभएको जाँच वा परीक्षण गर्न पाउने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम सेवा लिन आउने गर्भवती महिलालाई सम्बन्धित स्वास्थ्य संस्थाले देहाय बमोजिमका गर्भवती सेवा प्रदान गर्नुपर्नेछ :-

(क) सामान्य गर्भावस्थामा कम्तीमा चार पटक स्वास्थ्य जाँच गर्ने,

(ख) खण्ड (क) मा लेखिएदेखि बाहेकका तोकिएका अवस्थामा चिकित्सक वा दक्ष स्वास्थ्यकर्मीको सल्लाह बमोजिम स्वास्थ्य जाँच गर्ने,

(ग) स्वास्थ्य स्याहार सम्बन्धी समुचित परामर्श प्राप्त गर्ने,

(घ) गर्भावस्थामा अवलम्बन गर्नुपर्ने सुरक्षाका उपाय तथा न्यूनतम सेवा पाउने ।

६. <u>प्रसूति सेवा प्रदान गर्नुपर्ने</u> : (१) प्रसूति सेवा प्रदान गर्ने सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाले प्रसूति सेवा प्रदान गर्नको लागि दक्ष स्वास्थ्यकर्मी वा सो नभए प्रसूतिकर्मी वा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गर्नुपर्नेछ ।

(२) नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेको गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाले प्रसूति सेवा प्रदान गर्नुपर्नेछ ।

७. <u>आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा</u> : (१) प्रसूति सेवा प्रदान गर्ने सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाले आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा प्रदान गर्नुपर्नेछ ।

(२) नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेको गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाले आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा प्रदान गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमका स्वास्थ्य संस्थाले आफूले सेवा प्रदान गर्दा आइपर्ने जटिलताको व्यवस्थापन गर्न नसकेमा सम्भव भएसम्म सरकारी वा सामुदायिक स्वास्थ्य संस्थामा र सम्भव नभएमा गैरसरकारी तथा निजी स्वास्थ्य संस्थामा प्रेषण (रिफर) गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रेषण (रिफर) भई आएका गर्भवती, सुत्केरी वा नवजात शिशुसँग सम्बन्धित स्वास्थ्य जटिलताको व्यवस्थापन गर्नु सम्बन्धित स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ ।

(५) आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाले तोकिएको अवस्थाका गर्भवती महिलाहरूका लागि तोकिए बमोजिमको आश्रयस्थलको व्यवस्था गर्नुपर्नेछ ।

८.	नवजात शिशुको स्वास्थ्य स्याहार : प्रसूति सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड बमोजिम नवजात शिशुको स्वास्थ्य स्याहार सम्बन्धी व्यवस्था गर्नुपर्नेछ ।

९.	शिशुको जन्मको अभिलेख राख्नुपर्ने : (१) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखको आधारमा स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको बाबु वा आमाको नाम राखी बाबु वा आमालाई शिशु जन्मेको प्रमाणपत्र दिनु पर्नेछ ।

(३) बाबुको पहिचान हुन नसकेको वा बाबुको नाम उल्लेख गर्न नचाहनेको हकमा सोही व्यहोरा खुलाई आमाको नाम राखी शिशु जम्मेको प्रमाणपत्र दिनुपर्नेछ ।

(४) प्रत्येक स्वास्थ्य संस्थाले मृतक शिशु तथा गर्भपतन भएका तथा गराएका महिलाको सङ्ख्या समेत खुल्ने गरी अभिलेख राख्नुपर्नेछ ।

(५) प्रत्येक स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थामा प्रसुति सेवाको लागि आएका गर्भवती महिलाको मृत्यु भएमा त्यस्तो महिलाको अभिलेख राख्नुपर्नेछ ।

१०.	परिवार नियोजन सेवा प्राप्त गर्ने अधिकार : (१) प्रत्येक व्यक्तिलाई परिवार नियोजन सम्बन्धी सूचना, छनौट तथा परिवार नियोजन सम्बन्धी अन्य सेवा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) परिवार नियोजन सम्बन्धी तोकिए बमोजिमको सेवा तोकिए बमोजिमको स्वास्थ्य संस्थाबाट लिनुपर्नेछ ।

(३) परिवार नियोजन सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११.	बलपूर्वक परिवार नियोजन गराउन नहुने : कसैलाई करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी वा लिखित मञ्जुरी नलिई बलपूर्वक परिवार नियोजन गराउनु हुँदैन ।

१२.	बलपूर्वक गर्भ निरोधका साधन प्रयोग गराउन नहुने : कसैलाई करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी वा मञ्जुरी नलिई बलपूर्वक गर्भ निरोधका साधन प्रयोग गराउनु हुँदैन ।

१३.	प्रसूति बिदाको अधिकार : (१) सरकारी, गैर सरकारी वा निजी सङ्घ संस्थामा कार्यरत महिलालाई सुत्केरी हुनु अघि वा पछि कम्तीमा अन्ठानब्बे दिनसम्मको तलब सहितको प्रसूति बिदा पाउने अधिकार हुनेछ ।

(२) कुनै गर्भवती महिलालाई उपदफा (१) बमोजिमको बिदा अपुग हुने भएमा स्वास्थ्यकर्मीको परामर्श बमोजिम थप एक महिना तलब सहितको प्रसूति बिदा पाउने अधिकार हुनेछ ।

संघीय संसद सचिवालय

(३) सरकारी, गैर सरकारी वा निजी सङ्घ संस्थाले आफ्नो कार्यालयमा कार्यरत महिलालाई शिशु जन्मेको दुई वर्षसम्म कार्यालय समयमा आमाको दुध खुवाउनका लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(४) कुनै गर्भवती महिलाले मृतक शिशुलाई जन्म दिएमा वा जन्मिएपछि शिशुको मृत्यु भएमा समेत उपदफा (१) बमोजिमको बिदा पाउनेछ ।

(५) सरकारी, गैर सरकारी वा निजी सङ्घ संस्थामा कार्यरत पुरुष कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनु अघि वा पछि पारिश्रमिक सहितको पन्ध्र दिन प्रसूति स्याहार बिदा पाउनेछ ।

१४. अतिरिक्त बिदा दिनुपर्ने : सरकारी, गैर सरकारी वा निजी सङ्घ संस्थाले आफ्नो कार्यालयमा कार्यरत महिलालाई विशेषज्ञ चिकित्सकको राय बमोजिम प्रजनन स्वास्थ्य रुग्णता (मर्बिडिटी) को कारणले जटिल शल्यक्रिया गर्नुपर्ने भएमा त्यस्तो शल्यक्रिया हुनु अघि वा पछि कम्तीमा तीस दिनसम्मको तलब सहितको अतिरिक्त बिदा दिनुपर्नेछ ।

## परिच्छेद–४

## सुरक्षित गर्भपतन

१५. सुरक्षित गर्भपतन गर्न पाउने : देहायको अवस्थामा गर्भवती महिलालाई सुरक्षित गर्भपतन गर्न पाउने अधिकार हुनेछ :-

(क) गर्भवती महिलाको मञ्जुरीले बाह्र हप्तासम्मको गर्भ,

(ख) गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ती महिलाको मञ्जुरी बमोजिम जुनसुकै अवधिको गर्भ,

(ग) जवर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ गर्भवती महिलाको मञ्जुरीले अठार हप्तासम्म,

(घ) रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जीवाणु (एच.आई.भी.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेको महिलाको मञ्जुरीमा जुनसुकै अवधिको गर्भ,

(ङ) भ्रूणमा कमी–कमजोरी भएको कारणले गर्भमै नष्ट हुन सक्ने वा जन्मेर पनि बाँच्न नसक्ने गरी गर्भको भ्रूणमा खराबी रहेको, वंशाणुगत (जेनेटिक) खराबी वा अन्य कुनै कारणले भ्रूणमा अशक्तता हुने अवस्था रहेको भन्ने उपचारमा

संलग्न स्वास्थ्यकर्मीको राय बमोजिम गर्भवती महिलाको मञ्जुरीमा जुनसुकै अवधिको गर्भ ।

१६. <u>बलपूर्वक गर्भपतन गराउन नहुने</u> : (१) दफा १५ मा उल्लिखित अवस्थामा बाहेक कसैले पनि गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानी जानी वा विश्वास गर्नुपर्ने कुनै काम गरी गर्भपतन गराउनु हुँदैन ।

(२) कसैले गर्भवती महिलालाई करकाप गरी, धम्की दिई, ललाई फकाई गरी वा प्रलोभनमा पारी गर्भपतन गराउन हुँदैन ।

(३) देहायको कुनै कार्य गरेमा बलपूर्वक गर्भपतन गराएको मानिनेछ :-

(क) उपदफा (२) बमोजिम गर्भपतन गराएमा,

(ख) कुनै रीसइवीले गर्भवती महिलालाई केही गर्दा गर्भ तुहिएमा,

(ग) खण्ड (क) र (ख) बमोजिमको कुनै कार्य गर्न सहयोग पुऱ्याएमा ।

(४) गर्भपतन गर्ने काम गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मी त्यस्तो कामको परिणाम स्वरूप जन्मिएको बच्चा तत्काल मरेमा यस दफाको प्रयोजनको लागि गर्भपतन गराएको मानिनेछ ।

१७. <u>लिङ्ग पहिचान गरी गर्भपतन गर्न नहुने</u> : (१) कसैले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान हुने कुनै कार्य गर्न वा गराउन हुँदैन ।

(२) गर्भवती महिलालाई गर्भको लिङ्ग पहिचान गर्न डर वा त्रास देखाई वा करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी वा अनुचित प्रभाव, झुक्यानमा पारी, जोर जुलुम गरी दबाब दिन वा बाध्य पार्न हुँदैन ।

(३) उपदफा (१) र (२) बमोजिम लिङ्ग पहिचान गरी गर्भपतन गर्न गराउन हुँदैन ।

१८. <u>सुरक्षित गर्भपतन सेवा</u> : (१) तोकिएको मापदण्ड र योग्यता पूरा गरेका इजाजत प्राप्त स्वास्थ्य संस्थामा इजाजत प्राप्त स्वास्थ्यकर्मीले गर्भवती महिलालाई दफा १५ बमोजिमको सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराउने सेवाको उपयुक्त प्रविधि र प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(३) सुरक्षित गर्भपतनको सेवा प्राप्त गर्न चाहने गर्भवती महिलाले इजाजत प्राप्त स्वास्थ्य संस्था वा इजाजत प्राप्त स्वास्थ्यकर्मीलाई तोकिए बमोजिमको ढाँचामा मञ्जुरीनामा दिनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि होस ठेगान नभएको, तत्काल मञ्जुरी दिन नसक्ने अवस्था भएको वा अठार वर्ष उमेर पूरा नगरेको गर्भवती महिलाको हकमा निजको संरक्षक वा माथवरले मञ्जुरीनामा दिन सक्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अठार वर्षभन्दा कम उमेरकी गर्भवती महिलाको हकमा निजको सर्वोत्तम हितलाई ध्यानमा राखी सुरक्षित गर्भपतन सेवा प्रदान गर्नुपर्नेछ ।

१९. गोपनियता कायम राख्नुपर्ने : (१) इजाजत प्राप्त स्वास्थ्य संस्था वा इजाजत प्राप्त स्वास्थ्यकर्मीले गर्भवती महिलाको प्रजनन स्वास्थ्यसँग सम्बन्धित सूचना, कागजात तथा निजलाई प्रदान गरिएको परामर्श र सेवा सम्बन्धी सबै अभिलेख गोप्य राख्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा त्यस्ता सूचना, कागजात तथा परामर्श सेवा सम्बन्धी अभिलेख उपलब्ध गराउन सकिनेछ :–

(क) कुनै मुद्दा मामिलाको अनुसन्धान तथा सुनुवाईको सिलसिलामा अनुसन्धान अधिकारी वा अदालतबाट जानकारी माग भएमा,

(ख) सुरक्षित गर्भपतन सेवा सम्बन्धी अध्ययन अनुसन्धान वा अनुगमनको उद्देश्यले सम्बद्ध महिलाको परिचय नखुल्ने गरी उद्धरण गर्न,

(ग) सम्बन्धित महिला स्वयंले यस सम्बन्धी अभिलेख माग गरेमा ।

## परिच्छेद–५

## प्रजनन स्वास्थ्य रुग्णता (मर्बिडिटी)

२०. प्रजनन स्वास्थ्य रुग्णता सेवा प्राप्त गर्ने अधिकार : (१) प्रत्येक महिलालाई स्वास्थ्य संस्थाबाट प्रजनन स्वास्थ्य रुग्णता सम्बन्धी परीक्षण गराउने, परामर्श लिने तथा उपचार प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम सेवा उपलब्ध गराउँदा प्रजनन स्वास्थ्य रुग्णताको अवस्था तथा शल्यक्रिया पछिको अवस्थामा पालना गर्नुपर्ने स्याहार सम्बन्धी कुरा र त्यसबाट उत्पन्न हुन सक्ने जोखिम सम्बन्धी उपायको जानकारी बुझ्ने गरी दिनु सम्बन्धित स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ ।

२१. विस्थापन गर्न नहुने : प्रजनन स्वास्थ्य रुग्णताको कारण देखाई कसैलाई पनि सम्बन्ध विच्छेद गर्न वा घरबाट निकाला गर्न वा विस्थापन गर्न वा गराउन हुँदैन ।

संघीय संसद सचिवालय

## परिच्छेद–६

## <u>मातृत्व तथा प्रजनन स्वास्थ्यको लागि बजेट विनियोजन तथा अनुदान</u>

२२. <u>अनुदान रकम विनियोजन गर्नुपर्ने</u> : (१) नेपाल सरकारले प्रत्येक वर्ष आफ्नो बजेट मार्फत प्रत्येक स्थानीय तहलाई मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाको प्रयोजनका लागि अनुदान रकम विनियोजन गर्नुपर्नेछ ।

(२) प्रदेश सरकारले प्रत्येक वर्ष आफ्नो बजेट मार्फत प्रत्येक स्थानीय तहलाई मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाको प्रयोजनका लागि प्रदेश कानून बमोजिम निश्चित रकम अनुदानको रूपमा विनियोजन गर्नुपर्नेछ ।

२३. <u>स्थानीय तहले बजेट विनियोजन गर्ने</u> : (१) स्थानीय तहले आफ्नो वार्षिक बजेटमा मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाको प्रयोजनका लागि आवश्यक बजेट विनियोजन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम बजेट विनियोजन गर्दा मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा प्रदान गर्ने सरकारी वा सामुदायिक स्वास्थ्य संस्थाले प्राप्त हुने गरी गर्नुपर्नेछ ।

## परिच्छेद–७

## <u>कसूर र सजाय</u>

२४. <u>कसूर गरेको मानिने</u> : कसैले देहायको कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ :–

(क) दफा ५ बमोजिमको गर्भवती सेवा लिनबाट बञ्चित गरेमा,

(ख) दफा ६ बमोजिम प्रसूति सेवा प्रदान गर्ने कुनै स्वास्थ्य संस्थाले प्रसूति सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) दफा ७ बमोजिम आफ्नो स्वास्थ्य संस्थामा उपचार गर्न सम्भव हुदाँहुँदै वा जानाजान अर्को स्वास्थ्य संस्थामा प्रेषण (रिफर) गरे वा गराएमा,

(घ) दफा ९ बमोजिम स्वास्थ्य संस्थाले जन्म प्रमाणपत्र नदिएमा,

(ङ) दफा ११ बमोजिम बलपूर्वक परिवार नियोजन गराएमा,

(च) दफा १२ बमोजिम बलपूर्वक गर्भ निरोधको साधन प्रयोग गराएमा

(छ) दफा १६ बमोजिम गर्भपतन गराएमा,

(ज) दफा १७ को उपदफा (१) र (२) विपरीत भ्रूणको लिङ्ग पहिचान हुने कुनै काम गरेमा,

(झ) दफा १७ को उपदफा (३) बमोजिम लिङ्ग पहिचान गरी गर्भपतन गराएमा,

(ञ) दफा १९ को उपदफा (२) विपरीत गोपनियता भङ्ग गरे वा गराएमा,

(ट) दफा २१ विपरीत विस्थापन गरे वा गराएमा,

(ठ) दफा २८ विपरीत भेदभाव गरेमा ।



संघीय संसद सचिवालय

२५. सजाय : कसैले दफा २४ अन्तर्गत कसूर मानिने कुनै काम गरे वा गराएमा कसूरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछ :-

(क) खण्ड (क), (ख), (ग), (घ) र (ठ) बमोजिमको कसूर गर्ने वा गराउनेलाई छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(ख) खण्ड (ङ) र (च) बमोजिमको कसूर गर्ने वा गराउनेलाई तीन महिनादेखि छ महिनासम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना,

(ग) खण्ड (छ), (ज) र (झ) बमोजिमको कसूर गर्ने वा गराउनेलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १८८ बमोजिमको सजाय,

(घ) खण्ड (ञ) बमोजिमको कसूर गर्ने वा गराउनेलाई पचास हजार रुपैयाँसम्म जरिबाना,

(ङ) खण्ड (ट) बमोजिमको कसूर गर्ने वा गराउनेलाई एक वर्षसम्म कैद वा एक लाखसम्म जरिबाना वा दुवै सजाय।

२६. क्षतिपूर्तिको व्यवस्था : यो ऐन अन्तर्गतको कसूरबाट पीडित व्यक्तिलाई कसूरदारबाट तोकिए बमोजिम मनासिब माफिकको क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

परिच्छेद–८

विविध

२७. अपाङ्गतामैत्री सेवा प्रदान गर्नुपर्ने : यस ऐन अन्तर्गतका परिवार नियोजन, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक प्रसूति तथा नवजात शिशु, प्रजनन स्वास्थ्य रुग्णता लगायतका सेवा प्रदान गर्दा किशोरी तथा अपाङ्गता मैत्री हुनु पर्नेछ ।

२८. भेदभाव गर्न नपाइने : कसैलाई निजको उत्पत्ति, धर्म, वर्ण, जात जाति, लिङ्ग, पेशा, यौनिक तथा लैङ्गिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था, वैचारिक आस्था, कुनै रोग वा जीवाणुबाट सङ्क्रमित भएको वा हुने जोखिममा रहेको अवस्था, प्रजनन स्वास्थ्यको रुग्णता (मर्बिडिटि) को अवस्था, व्यक्तिगत सम्बन्ध वा यस्तै अन्य कुनै आधारमा परिवार नियोजन, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक प्रसूति तथा नवजात शिशु, प्रजनन स्वास्थ्य रुग्णता लगायतका सेवा प्राप्त गर्ने अधिकारमाथि कुनै किसिमले भेदभाव गर्न पाइने छैन ।

२९. निर्देशन दिन सक्ने : (१) मन्त्रालयले प्रजनन स्वास्थ्यको सेवा उपलब्ध गराउन स्वास्थ्य संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निर्देशनको पालना गर्नु सम्बन्धित स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ ।

३०.	<u>सेवा शुल्क</u> : (१) सरकारी वा सरकारी अनुदान प्राप्त स्वास्थ्य संस्थाले प्रजनन स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

(२) निजी, गैरसरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाले प्रजनन स्वास्थ्य सेवा प्रदान गरे वापत तोकिए बमोजिमको सेवा शुल्क लिन सक्नेछन् ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी, गैरसरकारी तथा सामुदायिक स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले सेवा शुल्क सर्वसुलभ बनाउनु पर्नेछ र सेवा शुल्क तिर्न असमर्थ व्यक्तिको लागि तोकिए बमोजिमको निःशुल्क सेवा (कोटा) उपलब्ध गराउनु पर्नेछ ।

३१.	<u>असल नियतले गरेकोमा बचाउ</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि असल नियतले प्रजनन स्वास्थ्य सेवा उपलब्ध गराएको विषयलाई लिएर कुनै पनि स्वास्थ्य संस्था तथा स्वस्थ्यकर्मी विरुद्ध कुनै किसिमको कानूनी कारवाही चलाइने छैन ।

३२.	<u>मुद्दा हेर्ने अधिकारी</u> : (१) यस ऐन बमोजिमको कसूरको मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्लाको जिल्ला अदालतलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला अदालतले गरेको सजाय वा आदेश उपर चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

३३.	<u>नेपाल सरकार बादी हुने</u> : (१) दफा २४ बमोजिमको मुद्दामा नेपाल सरकार बादी हुनेछ ।

(२) दफा २४ बमोजिमको मुद्दा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

३४.	<u>हदम्याद</u> : यस ऐन बमोजिमको कसूरमा त्यस्तो कसूर भएको कुरा थाहा पाएको मितिले छ महिना नाघेपछि उजूर लाग्ने छैन ।

३५.	<u>प्रचलित कानून बमोजिम हुने</u> : यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र यस ऐनमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

३६.	<u>नियम बनाउने अधिकार</u> : यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

३७.	<u>निर्देशिका जारी गर्न सक्ने</u> : मन्त्रालयले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

संघीय संसद सचिवालय